# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २५ गते २०३१ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

**औद्योगिक सेवा समिति (गठन) आदेश, २०३१**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेश नाम "औद्योगिक सेवा समिति (गठन) आदेश, २०३१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठित "औद्योगिक सेवा समिति" सम्झनु पर्छ।

(ख) "औद्योगिक सेवा" भन्नाले समितिद्वारा गरिने विभिन्न औद्योगिक सेवाहरू सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः– (१) औद्योगिक सेवा समिति नाम भएको एउटा समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिम गठित समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहने छन् ।

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति– अध्यक्ष

(ख) सह–सचिव, अर्थ मन्त्रालय– सदस्य

(ग) सह–सचिव, उद्योग तथा वाणिज्य मन्त्रालय– सदस्य

(घ) निर्देशक, घरेलु तथा ग्रामीण उद्योग विभाग– सदस्य

(ङ) महाप्रवन्धक, नेपाल औद्योगिक विकास कर्पोरेशन– सदस्य

(च) डीन, इन्स्टिट्यूट अफ पब्लिक एड्मिनिष्ट्रेशन एण्ड बीजिनेस एड्मिनिष्ट्रेशन त्रिभुवन विश्वविद्यालय– सदस्य

(३) उप–दफा (२) को खण्ड (क) बमोजिम अध्यक्ष पदमा मनोनीत हुने व्यक्तिको नाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्नेछ ।

(४) समितिको सचिवको काम समितिद्वारा तोकिएको समितिको कुनै कर्मचारी वा सो पदमा नियुक्त भएको व्यक्तिले गर्नेछ ।

(५) श्री ५ को सरकारले आवश्यक सम्झेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको अध्यक्ष वा सदस्यहरूलाई हेरफेर गर्न वा संख्यामा थपघट गर्न सक्नेछ ।

४. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको अध्यक्षले तोकेको स्थान र समयमा समितिको बैठक बस्नेछ र यस दफामा उल्लिखित कुराहरू बाहेक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(२) अध्यक्षको अनुमति लिई समितिको बैठकमा पेश गर्नुपर्ने कार्यसूची समितिको सचिवले तयार गर्नेछ ।

(३) अध्यक्ष र कुनै दुई जना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक कमसेकम वर्षको छ पटक बस्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः– श्री ५ को सरकारद्वारा स्वीकृत औद्योगिक नीतिको अधीनमा रही उद्योग व्यवसायीहरूलाई आवश्यक औद्योगिक सेवाहरू उपलब्ध गराउन समितिले देहायका कार्यहरू गर्न सक्नेछ ।

(क) कृषि, वन तथा खनिज पदार्थमा आधारित उद्योग र सहायक उद्योगहरूको आर्थिक, प्राविधिक तथा बजारसम्बन्धी सम्भाव्यताको अध्ययन गर्ने,

११६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उद्योगहरूको व्यवस्थापन तथा अन्य सम्बन्धित कार्यमा लागेका व्यक्तिहरूको निमित्त तालीमको आयोजना गर्ने,

(ग) उद्योगहरूलाई आधुनिकरण, विस्तार, उत्पादनको विविधीकरण तथा उत्पादन वृद्धि गर्नेबारेमा सरसल्लाह दिने,

(घ) स्थानीय तथा विदेशी लगानीकर्ताहरूलाई लगानीयोग्य परियोजनाहरूको सम्बन्धमा विस्तृत जानकारी दिने,

(ङ) औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा व्यवस्थापनमा योगदान गर्ने,

(च) श्री ५ को सरकारबाट स्वीकृत औद्योगिक नीतिबाट चालू उद्योगहरूमा परेको असरको सम्बन्धमा छानबीन गर्ने र सो सन्दर्भमा औद्योगिक नीतिमा केही परिवर्तन गर्नुपर्ने भए सो गर्नको लागि श्री ५ को सरकारलाई परामर्श सहित अनुरोध गर्ने,

(छ) औद्योगिक संगठनहरूमा देखापरेका त्रुटी वा समस्यालाई औंल्याई त्यसको निराकरणका उपायहरूको सम्बन्धमा पुस्तक पुस्तिकाको प्रकाशन गर्ने,

(ज) औद्योगिक सेवा उपलब्ध गराए बापत लाग्ने दस्तूर तोक्ने,

(झ) कसैले उद्योगको क्षेत्रमा प्रशंसनीय कार्य गरेमा त्यस्तो व्यक्तिलाई नगद पुरस्कार, पारिश्रमिक वा मेहनताना दिने वा ठेक्ने,

(ञ) लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरू र तरीका अनुसार आवश्यक कर्मचारीहरू नियुक्त गर्ने र तिनीहरूको सेवा शर्त तोक्ने,

(ट) समिति वा समितिका कर्मचारीहरूको तर्फबाट दायर गर्नु पर्ने वा समितिको कर्मचारीका विरूद्ध दायर हुने मुद्दा मामिलामा कानूनी कारवाइ चलाउने वा प्रतिरक्षा गर्ने व्यवस्था मिलाउने,

(ठ) समितिको उद्देश्य पूर्तिको निमित्त अन्य आवश्यक काम कारवाइ गर्ने ।

<u>समितिको कोष र त्यस्को संचालनः</u>- (१) समितिको एउटा कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै अन्तरराष्ट्रिय संघ, संस्था वा बिदेशी एजेन्सीबाट प्राप्त रकम,

(ग) औद्योगिक सेवा उपलब्ध गराए वापत प्राप्त रकम,

(२) समितिको कोषको रकम समितिको नाममा नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै वाणिज्य बैङ्कमा जम्मा गरी खाता खोलिनेछ ।

(३) समितिको कोषको संचालन समितिको सचिव र लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९८

७. समितिको लेखापरीक्षणः– समितिको लेखा परीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

८. समितिसंगको टेक्का–पट्टाः– समितिको सचिवले वा समितिबाट अधिकार प्राप्त व्यक्तिले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का-पट्टा सम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएको ठेक्का-पट्टा समितिले गरेको मानिनेछ ।

९. समितिको निर्णय वा आदेश प्रमाणित गर्नेः– समितिको सचिव वा समितिबाट अधिकार प्राप्त व्यक्तिले समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ ।

१०. नियम बनाउने अधिकारः– समितिले आफ्नो कार्य सन्चालनको लागि नियमहरू बनाउन सक्नेछ र ती नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भए पछि लागू हुनेछन् ।

११. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्नो केही अधिकार समितिको कुनै सदस्य, सदस्यहरूको उपसमिति वा समितिको सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. समितिको कार्यालय :– समितिको प्रधान कार्यालय काठमाडौंमा रहने छ ।

१३. श्री ५ को सरकारसंग सम्पर्क :– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा उद्योग वाणिज्य मन्त्रालयमार्फत राख्नुपर्छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

४१८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## उद्योग तथा वाणिज्य मन्त्रालयको
# सूचना

खनिज अन्वेषण विकास समिति (गठन) आदेश, २०३१

विकास समिति ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "खनिज अन्वेषण विकास समिति (गठन) आदेश, २०३१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा।

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठित खनिज अन्वेषण विकास समिति सम्झनुपर्छ।

(ख) "खनिज अन्वेषण" भन्नाले भू-सतह वा भू-सतहभित्र रहेको खनिज पदार्थको खोज तलास गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले खानीको मूल्यांकन तथा परीक्षण गर्ने प्रक्रियालाई समेत जनाउँछ।

(ग) "परियोजना" भन्नाले श्री ५ को सरकार र युनाइटेड नेशन डेभलपमेण्ट प्रोग्राम (यसपछि यस आदेशमा "यू.एन.डी.पी" भनिएको) को संयुक्त तत्वावधानमा संचालन गरिने खनिज अन्वेषणसम्बन्धी योजना सम्झनु पर्छ।

३. समितिको गठनः– (१) खनिज अन्वेषण विकास समिति नामको एक समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष र सदस्यहरू रहने छन्।

| | | |
|---|---|---|
| (क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति | – | अध्यक्ष |
| (ख) उद्योग वाणिज्य मन्त्रालयको प्रतिनिधि | – | सदस्य |
| (ग) अर्थ मन्त्रालय (वैदेशिक शाखा) को प्रतिनिधि | – | सदस्य |
| (घ) खानी विभागको निर्देशक – | – | सदस्य |
| (ङ) भौगर्भिक सर्भेक्षण विभागको निर्देशक | – | सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको सचिवको काम समितिद्वारा तोकिएको कर्मचारी वा सो पदमा नियुक्त भएको व्यक्तिले गर्नेछ ।

(४) समितिको अध्यक्ष पदमा मनोनीत हुने व्यक्तिको नाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्नेछ ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको अध्यक्ष वा सदस्यहरू हेरफेर गर्न वा तिनीहरूको संख्यामा थपघट गर्न सक्नेछ ।

(६) समितिले यू. एन. डी. पी. बाट मनोनीत भएको परियोजना प्रमुख (प्रोजेक्ट मेनेजर) र अन्य कुनै विशेषज्ञलाई सल्लाहकारको रूपमा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

तर त्यसरी आमन्त्रित गरिएका परियोजना प्रमुख वा विशेषज्ञलाई मत दिने अधिकार भने हुनेछैन ।

४. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको अध्यक्षले तोकेको स्थान र समयमा समितिको बैठक बस्नेछ र यस दफामा उल्लिखित कुराहरू बाहेक अन्य कार्य–विधिसम्बन्धी व्यवस्था समितिद्वारा निर्धारण भएबमोजिम हुनेछ ।

(२) अध्यक्षको अनुमति लिई समितिमा पेश गर्नुपर्ने कार्यसूची समितिको सचिवले वा समितिबाट अधिकार प्राप्त व्यक्तिले तयार गर्नेछ ।

(३) अध्यक्ष र कुनै दुई जना सदस्य उपस्थित भएमा समितिको बैठकको निमित्त गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक महीनामा कमसेकम एकपटक बस्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः– (१) श्री ५ को सरकार र यू.एन.डी.पी. को बीच भएको सम्झौता अनुसार तोकिएको क्षेत्रमा परियोजना सञ्चालन गर्नु समितिको कर्तव्य र अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको उद्देश्य पूर्तिको निमित्त समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) परियोजना सञ्चालन गर्न श्री ५ को सरकारको खानी विभाग वा भौगर्भिक सर्भेक्षण विभागबाट आवश्यकतानुसार जनशक्ति, माल–सामान र अन्य सुविधा वा सहयोग प्राप्त गर्ने,

920

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) परियोजनाको संचालनको लागि आवश्यक पर्ने सरसामान उपलब्ध गर्न टेण्डर आव्हान गर्ने वा खरीद गर्ने,

(ग) परियोजनाको संचालनको सिलसिलामा कसैको जग्गा वा बालीमा क्षति भएमा त्यस्तो क्षति वापत क्षतिपूर्ति दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

(घ) लोक सेवा आयोगले अपनाएको सिद्धान्त अनुसार परियोजनाको लागि आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्ने र तिनीहरूको पारिश्रमिक र अन्य सेवा शर्त तोक्ने,

(ङ) परियोजनामा काम गर्ने प्राविधिज्ञ वा कर्मचारीलाई तालीम प्रदान गर्नको लागि आवश्यक व्यवस्था मिलाउने,

(च) परियोजनाको कार्यान्वयनमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई नगद पुरस्कार दिने,

(छ) परियोजनाको कार्यक्रम र प्रगतिको सम्बन्धमा आवश्यक प्रतिवेदन तयार गर्ने,

(ज) परियोजनाको कुशल सन्चालनको लागि आवश्यक पर्ने अरू सबै काम कारवाई गर्ने,

६. समितिको कोषः– (१) समितिको एउटा कोष हुनेछ जसमा देहायका रकमहरू रहने छन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम, र

(ख) यू. एन. डी. पी. बाट सहायता स्वरूप प्राप्त रकम,

(२) समितिको कोषको संचालन समितिको नाममा नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै वाणिज्य बैङ्कमा जम्मा गरी खाता खोलिनेछ।

(३) समितिको खर्च सोही कोषबाट व्यहोरिने छ र सो कोषको सन्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ।

७. समितिको लेखा र लेखापरीक्षणः– समितिको आय–व्ययको लेखा श्री ५ को सरकारद्वारा स्वीकृत श्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ र समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

८. समितिसंगको ठेक्का–पट्टाः– समितिको सचिवले वा समितिबाट अधिकार प्राप्त व्यक्तिले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का–पट्टासम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएका ठेक्का–पट्टा समितिले गरेको मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारको स्वीकृती लिनु पर्नेछ ।

१०. समितिको निर्णय र आदेश प्रमाणित गर्नेः– समितिको सचिवले वा समितिबाट अधिकार प्राप्त व्यक्तिले समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ र समितिको तर्फबाट गरिने सबै पत्र व्यवहार निजको नामबाट हुनेछ ।

११. अधिकार प्रत्यायोजन गर्न सक्नेः– (१) समितिले आफ्नो केही वा सम्पूर्ण अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्यहरूको उप–समिति वा सचिवलाई सुम्पन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष, सदस्य वा सचिवलाई प्राप्त अधिकार निजहरूले समिति मातहतका अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

१२. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा उद्योग तथा वाणिज्य मन्त्रालय मार्फत राख्नुपर्छ ।

१३. समितिको कार्यालयः– समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।